# स्थानीय राजपत्र

**तानसेन नगरपालिकाद्वारा प्रकाशित**

खण्ड १) तानसेन, चैत्र महिना २८ गते २०७४ साल (संख्या ५)


भाग : १

तानसेन नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तानसेन नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत २०७५ सालको ऐन नं. ५

ऐनको नाम : तानसेन नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन, २०७४

**प्रस्तावना :**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाइ प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तानसेन नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम तानसेन नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन तानसेन नगरपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले तानसेन नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन, २०७४ सम्झनु पर्दछ ।

(ख) “कार्यपालिका” भन्नाले तानसेन नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) “नगरपालिका” भन्नाले तानसेन नगरपालिका सम्झनु पर्दछ ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्दछ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त तानसेन नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने :** (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही तानसेन नगरकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाइ लागू गर्न सक्नेछ ।

प्रमाणीकरण मिति २०७४।१२।२८

आज्ञाले
(जीवन ज्ञवाली)
प्रमुख प्रशासकीय अधिकृत